# लुम्बिनी साँस्कृतिक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

# क्यान्टिन सञ्चालन गर्ने सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०५।२७

यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको नयाँ भाडामा लिईएको प्रशासनिक भवन सञ्चालन गर्ने स्थान वडा न १० स्थित महिलवार ४ नं गेट अगाडी रहेको स्थानमा क्यान्टिन सञ्चालन गर्न आवश्यक परेकोले यस नगरपालिकामा सुचिकृत भएका होटल तथा खाजा नास्ता सञ्चालन गर्ने फर्म तथा व्यवसायीहरूले संस्था दर्ताको प्रमाणपत्र, आ. व ०८२/८३ को करचुक्ताको प्रमाणपत्र, पान दर्ता प्रमाणपत्रसहित यो सुचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस नगरपालिकाबाट दरभाउपत्र खरिद गर्ने प्रयोजनका लागि यो सुचना प्रकाशन गरिएको छ।

१. खाजा खाना र नास्ता तोकिएको परिमाण र गुणस्तरमा हुनुपर्ने छ अन्यथा जुनसुकै बेला सम्झौता नविकरण गरिने छैन।

२. दरभाउ पत्र पेश गर्दा क्यान्टिन भाडा वापतको न्युनतम रकम रु. १५०००/- लाई आधार मानी बोल कबोल गर्नुपर्नेछ। मुल्याङ्कन गर्दा भाडा वापत पेश गरेको रकमको भार ३० प्रतिशत र पेश गरेको दरलाई ७० प्रतिशत भार मानी मुल्याङ्कन गरिनेछ।

३. मुल्याङ्कन आइटम वाइज भन्दा पनि एकमुष्ठ रूपमा कम हुनेलाई आधार मानी गरिनेछ।

४. दररेट पेश गर्दा सुचनामा उल्लेख भएको दर भन्दा बढी पेश गर्न पाईने छैन।

५. क्यान्टिन सञ्चालन गर्दा सम्पुर्ण आइटमहरू क्यान्टिन भित्र नै तयार गरी उपलब्ध गराउनुपर्नेछ।

६. रु. १०००/- दस्तुर तिरी सुचना प्रकाशन भएको मिति भित्रै दरभाउपत्र खरिद गर्न सकिनेछ।

७. दरभाउपत्र १६ औं दिन १२ बजेभित्र यस नगरपालिमा आइ दर्ता गरिसक्नुपर्नेछ।

८. नगरपालिकाका कर्मचारीहरूका लागि जुनसुकै समयमा भनेको वखतमा खाना उपलब्ध गराउनुपर्नेछ।

९. महंगीको अवस्थालाई हेरी कार्यपालिकाको निर्णय अनुसार बार्षिक रूपमा दरहरू परिमार्जन गर्न सकिनेछ।

१०. यसमा उल्लेख भएका कुराहरू यसै बमोजिम र यसमा उल्लेख नभएका कुराहरू प्रचलित कानुन अनुसार हुनेछन्।

११. विस्तृत सूचना र मेनुको विवरण नगरपालिकाको वेभसाइटमा हेर्न सकिनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**